# २३ औं नगरपरिषदबाट भएका निर्णयहरु

**निर्णय नं. १.** आर्थिक बर्ष २०७३/०७४ का लागि नगरपालिका कोष तर्फको राजश्व संभाव्यता प्रतिवेदन समेतका आधारमा नगरपालिका कोष तर्फ रु.२,९०,००,०००।- नेपाल सरकार चालु तथा पूँजिगत अनुदान तर्फ रु.१२,७१,४५,०००।- र अन्य दातृ निकाय तथा संघ/संस्था एवं विविध श्रोत तर्फ रु.५,९०,७५,०००।- समेत गरी जम्मा रु.२१,५२,२०,०००।- को आय तथा व्यय बजेट स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** आगामी आ.ब. २०७३/०७४ मा संचालनका लागि विभिन्न पूँजिगत शिर्षकहरुमा प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरुका लागि अपेक्षा गरिएको रकम कुनै कारणवश प्राप्त हुन नसकेमा वडास्तरिय योजनामा विनियोजित रकम रु.१,०८,००,०००।- , एकीकृत सम्पत्ति करबाट बिनियोजित रु ३६,००,०००।- र वडागत मर्मत सम्भारका योजनाहरुको रु.९,००,०००।- देखी वाहेक प्राप्त रकम र योजनाको भारका आधारमा रकम विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** आ.ब. ०७१/०७२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन प्रस्तुत भई पारित गरियो । उक्त प्रतिवेदनमा औल्याइएका पेश्की तथा वेरुजु उपर प्रचलित कानून बमोजिम फछ्र्यौटका लागि आवश्यक कारवाही नगरपालिकाले अगाडी वढाउने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४.** आ.व.२०७२/०७३ को अन्तिम लेखा परिक्षण गर्न लेखापरिक्षक नियुक्ती गरी नगरपालिकाले लेखापरिक्षण गराउने व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०६ र नियम २०९ बमोजिम बिभिन्न समयमा पेश्कि बेरुजु कायम भै लगतमा रहेका पेश्कि बेरुजु मध्य संलग्न प्रमाण कागजात एवं हानि नोक्सानी भएको नदेखिएका पेश भए बमोजिम रु ३१,८८,६८९।१६ संपरिक्षण गरि लगत कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** सहरी शासकीय क्षमता विकास कार्यक्रम (UGDP ) को सहयोगमा तयार गरिएको यस नगरपालिकाको राजस्व अभिवृद्धि योजना , मर्मत तथा सम्भार योजना र लगानी योजना पारित गरि कार्यान्वयन र आवस्यक परिमार्जन गर्ने अधिकार नगरपालिका बोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ८.** यस लेखनाथ नगरपालिकामा आगामी आ.ब. २०७३/०७४ वाट प्रोदभावी (Accural Account Entry System) लेखा प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** यस नगरपालिकामा गठित पदपूर्ति समितिको प्रतिवेदन २०७२ अनुमोदन गरि कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.** आ.व २०७३/०७४ का लागि राजश्व परामर्श समितिको सुझाव सहित पेश हुन आएका कर तथा राजश्वका दरहरुलाई स्वीकृत गर्ने निर्णय गरियो । (अनूसुची ङ )

**निर्णय नं. ११.** यस नगरपालिकाको मिति २०७१ पौष ३० देखि २०७१ पौष २७ सम्मका वोर्ड बैठकबाट भएका नीति तथा निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२.** यस नगरपालिकाको साधन र श्रोतबाट मात्र सम्पन्न हुन नसक्ने निम्नानुसारका योजनाहरुलाई अनुसूची “क” का योजनाहरुलाई केन्द्रिय स्तरका योजनाका रुपमा केन्द्रमा तथा अनुसूची “ख” का योजनाहरुलाई जिल्ला स्तरीय योजनाका रुपमा कार्यान्व्यन गर्ने जिल्लामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३.** यस नगरपालिकाका लागि आगामी आ.ब. २०७३/०७४ को लागि आवश्यक पर्ने सरसामान खरिद प्रयोजनका लागि तयार भएको आ.ब. २०७३/०७४ को वार्षिक खरिद योजना स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.** लेखनाथ नगरपालिका कार्यलयमा कार्य वोझको आधारमा हाल कर्मचारी दरवन्दी कम भएको देखिएको भएतापनि आवस्यक दरवन्दी थप स्वीकृतीका लागि सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा लेखि पठाएको अवस्थामा हाल स्वीकृत भै नआएको हुँदा उक्त प्रस्ताव स्वीकृत भै आएपछि सोहि अनुसार हुनेगरि अनुसूची  बमोजिमका कर्मचारी दरवन्दी र संगठन तालिकालाई स्वीकृत गरि उक्त दरवन्दी अनुसार रिक्त र विज्ञापनमा रहेका दरवन्दीहरुलाई छिटो, छरितो, समावेसी र ऐन नियम वमोजिम पदपुर्ति गर्न नगरपालिका लाई निर्देशन गर्ने निणर्य गरियो ।

**निर्णय नं. १५.** नगरपालिकामा हाल कार्यरत जनशक्तिले मात्र नगरपालिकाको दैनिक सेवा प्रवाह एवं स्विकृत वार्षिक योजना तथा कार्यक्रम सम्पन्न गर्न जनशक्तिको अभाव हुन गएमा औचित्यताका आधारमा नगरपालिकालाई अत्यावश्यक सेवा करारवाट लिने निर्णय गरियो ।

**निर्णय नं. १६.** यस नगरपालिकाको आ.ब.२०७३/०७४ का लागि तयार गरिएको वार्षिक कार्ययोजना तथा वार्षिक कार्य तालिका (क्यालेण्डर) स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७.** नगर क्षेत्रभित्र विगतमा निर्माण सम्पन्न भै चालु सडकहरु भत्की विग्री जिर्ण भएर मर्मत संभार गर्ने व्यवस्थाका लागि नगरस्तरिय वार्षिक सडक मर्मत योजना (M-Armp) स्विकृत गर्ने निर्णय गरियो । साथै वडास्तरमा मर्मतका लागि मर्मत संभार कोषको व्यवस्था यसै परिषद बाट गरिएकोले वडा स्तरका स-साना मर्मत संभार का योजना सोही कोषबाट संबोधन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १८.** यस नगरपालिका क्षेत्रभित्र वार्षिक नगर योजना अर्न्तगत रही आ.व. ०७१/०७२ मा सम्पन्न भएका **अनुसूची (ग)** बमोजिमको उल्लेखित योजना तथा कार्यक्रमहरुको जाँचपास र फरफारक लाई अनुमोदन गर्ने र **अनुसूची (घ)** वमोजिमका योजना तथा कार्यक्रमहरु कन्टीन्जेन्सी खर्चवाट कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९.** यस लेखनाथ नगरपालिकामा थप व्यवस्थित वसपार्क निर्माण भै संचालनमा आइनसकेको अवस्थासम्मका लागि वडा नं. ११ को वेगनासताल वसपार्कलाई नगरवसपार्कका लागि तोक्ने र उक्त नगर वसपार्कलाई व्यवस्थित रुपमा संचालनका लागि स्थानीय संघसंस्थासँग आवश्यक समन्वय गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २०.** नगरपालिकामा आइपर्न सक्ने अग्निजन्य प्रकोप व्यवस्थापन गर्न वारुणयन्त्रको सेवा प्रवाहका लागि छिमेकी पोखरा उप-महानगरपालिकासँग साँझेदारी एवं सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१.** टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरी उनिहरु मार्फत नै कर संकलन र कर सूचना प्राप्त गर्ने परिपाटीलाई निरन्तरता दिदै अन्य वडाहरुमा थप गरिदै लगिने र टोल विकास संस्थाबाट बहाल कर उठाउनको लागि आ.व.२०७३/०७४ मा वडा नं.१,३ र ११ मा लागु गरि प्रभावकारिताको आधारमा आ.व.२०७५/०७६ मा नगरपालिकाका सम्पुर्ण वडाहरुमा लागु **गरिने निर्णय गरियो** ।

**निर्णय नं. २२.** यस नगरपालिकामा रहेका तालहरुको समुचित उपयोग गर्ने तथा तालहरुको संरक्षण तथा बिकासका लागि निजि क्षेत्र सँगको सहकार्य एवं भाडामा दिने सम्बन्धि कार्य गर्न नगरपालिका वोर्ड वैठकलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३.** यस नगरवाट संचालित योजना तथा कार्यक्रम एवं नगरपालिकावाट प्रदान गरिने सेवा प्रवाह समेतका विषयमा गरिएका सार्वजनिक सुनुवाई प्रतिवेदन २०७१ र २०७२ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**. नगरक्षेत्रमा एक व्यवस्थित रंगशालाको अत्यावश्यकतालाई मनन् गरी वडा नं. १ भण्डारढिकको चौरमा रंगशाला **निर्माणाधीन कार्यका** लागि सहयोग गर्न नेपाल सरकार, दातृ संघसंस्था एवं निकायसँग अनुरोध गर्ने र सो रंगशालाको भौतिक निर्माणको आरंभका लागि सडक किनारातर्फ पर्खाल निर्माणको कार्य अगाडी वढाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो । **यसको पूर्वाधार निर्माणको लागि लेखनाथ न.पा., मर्सी क्रप्स र आदर्श युवा क्लब विच सम्पन्न त्रिपक्षीय संझौताको कार्यलाई समयमै सम्पन्न गर्ने तर्फ जोड दिने र सहयोगी संस्था मर्सी क्रप्स लाई आभार व्यक्त गर्ने निर्णय गरियो ।**

**निर्णय नं. २५.** नगरमा श्रृजना हुने फोहर मैला संकलन, वर्गिकरण एवं व्यवस्थापन गर्न वडा नं. १३ को सातपत्रेमा फोहर मैला प्रसोधन केन्द्र निर्माण गर्न नेपाल सरकार एवं सम्वन्धीत दातृ संघ संस्थासँग आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६.** नगरपालिकाको वस्तुस्थिती बार्षिक कार्यक्रम र नागरिक वडापत्र लगायत सुचनाहरु समेत रहने गरि प्रत्येक वर्षको चैत्र महिना भित्र आगामी बर्षको तिथि मिति सहितको भित्ते पात्रो (Calender) प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २७.** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्था अर्न्तगत रही भएको यस नगरपालिकाको वार्षिक जिन्सी निरिक्षण प्रतिवेदन २०७१/०७२ लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८.** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को दफा २७३ क बमोजिम सार्वजनिक नीजि साँझेदारी प्रवर्द्धन समितिलाई क्रियाशिल तुल्याउने निर्णय गरियो ।

**निर्णय नं. २९.** नगरपालिकामा सेवा ग्रहणका लागि आउने सेवाग्राहीको सहजता एवं शुसासन व्यवस्थापनका लागि तयार गरिएको नागरिक वडापत्र **२०७२ लाई पास गरी र** Digital Citizen Chartered Board लाई अनुमोदन गरी क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३०.** नगरमा गरिने विभिन्न समुदायको अन्तिम संस्कार कार्यलाई थप व्यवस्थित वनाई नगरवासीहरुको परम्परागत चालचलन एवं संस्कृतीलाई अक्षुणता दिने समेत उद्देश्यका साथ पवित्र सेती नदी किनारका निम्न स्थानहरुलाई दाह संस्कार स्थल (मशानघाट) का रुपमा तोक्ने र थप व्यवस्थित गर्दै जाने निर्णय गरियो ।

क) मोक्षघाट वडा नं. १

ख) मरेखरे वडा नं. २

ग) लामेआहाल वडा नं. १३

घ) सतीघाट–मुसेटुडा वडा नं. १२

**निर्णय नं. ३१.** नगरपालिका क्षेत्रमा छाडा रुपमा छाडिएका दोपाया–चौपाया एवं अन्य पशुपक्षि सार्वजनिक स्थानमा मरेका पशुपक्षिलाई सम्बन्धीत वडा क्षेत्रमा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३२.** कार्य सम्पादनमा आधारित प्रोत्साहन कोषको व्यवस्था गरि MCPM मा थप प्राप्त वजेटलाई शत प्रतिशत मानि सोको एक प्रतिशत रकम प्रोत्साहन कोष खडा गरि सो कोषमा जम्मा गर्ने र कम आएमा सो सूबिधा १ प्रतिशत सोधभर्ना गरिने कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३३.** सार्वजनिक जग्गा संरक्षण समितिको प्रतिवेदन-२०७२ स्वीकृत गर्ने र सो समितिको कार्याबधि आ.व. २०७३/०७४ सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४** यस नगरपालिकाले तयार गरेको नीति, निर्देशिका कार्यबिधि एवं विनियमावलीहरु पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५.** यस नगरपालिकामा भौगोलिक सुचना प्रणाली (GIS) लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६.** लेखनाथ नगरपालिकाको आन्तरिक श्रोत बृद्धिका लागि आम्दानीका श्रोतहरु परिचालन गर्ने र कर, दस्तुर, सेवा शुल्कको दररेट निर्धारण गर्ने अधिकार नगरपालिका बोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३७.** पोखरा उपत्यकाको बढ्दो सवारी साधनहरुको चापलाई मध्यनजर गरि यस लेखनाथ नगरपालिकाको वडा नं १३ को गढी क्षेत्रमा क्षेत्रिय बस टर्मिनल निर्माण गर्न नेपाल सरकार एवं अन्य दातृ निकायहरुसंग आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८.** यस नगरपालिका क्षेत्रमा एक अत्याधुनिक अन्तराष्ट्रिय स्तरको सम्मेलन केन्द्र स्थापना गर्नका लागि नेपाल सरकार तथा अन्य दातृ संस्थाहरुसंग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९.** लेखनाथ नगरपालिका क्षेत्र भित्र संभाब्य पर्यटकिय स्थलहरुको पहिचान/प्रचार/प्रसार गर्न चालु आ.व.मा सम्वन्धित सरोकार वाला/व्यवसायी तथा संचार कर्मीहरु सहितको टोलिबाट लेखनाथका प्रमुख पर्यटकीय स्थानको अवलोकन भ्रमण गराउने साथै चालु आर्थिक बर्ष ०७२/०७३ लाई लेखनाथ भ्रमण वर्षको रुपमा मनाउन बाँकी कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०.** नगरपालिका बाट संचालन हुने सम्पूर्ण कार्यक्रमहरुको सार्वजनिक पस्चात मात्र भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४१.** लेखनाथ नगरपालिका मा संचालित योजनाहरुको गुणस्तर नियन्त्रण गर्नका लागि रु. ३० लाख देखि माथिको योजनाको गुणस्तर जाच गरि भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४२.** कर्मचारीको सेवा सुविधा वारे अध्ययन गरी प्रतीवेदन पेश गर्न निम्नानुसारका एक समिती गठन गर्ने र सो समितिको कार्यावधि २ महिना रहने निर्णय गरियो ।

तपशिल : १. कार्यकारी अधिकृत

२. शंकर नाथ पौडेल - ने.क.पा.एमाले

३. पुष्पकमल ढुंगाना - ए.ने.क.पा.माओवादी

४. नेपाल नगरपालिका कर्मचारी एसोसियसन इकाई समिति लेखनाथ प्रतिनिधि

५. विषय विज्ञ

**निर्णय नं. ४३.** २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पर कम्पन वाट घाइते हुनु भएका घाइतेहरुको शिघ्र स्वास्थ्य लाभका कामना एवं मृतकहरुको आत्माको चिर शान्तिको कामना गर्दै उक्त विनाशकारी भूकम्पबाट पिडित घरधनिहरुको घर पुनर्निर्माण का लागि थप सहयोगका लागि नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४.** सामाजीक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ अनुसार अध्यव्धीक गरि आ.व ०७३/०७४ को लागि कायम हुन आएको तपशिल वमोजिम को नामावली कार्यविधिको बुंदा १९(१) अनुसार सार्वजनीक गर्ने निर्णय गरियो (अनुशुची च ) ।

**निर्णय नं. ४५.** लेखनाथ नगरपालिकाको सामजिक परीक्षण प्रतिबेदन, २०७२ उपर छलफल गरी उक्त प्रतिबेदन लाई पास गरी प्राप्त सुझाबहरु लाई कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४६.** लेखनाथ नगरपालिका कार्यालयका कर्मचारीहरुको आ.ब. २०७३/०७४ तलबि प्रतिबेदन पास गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४७.** यस नगर क्षेत्रमा बेज्नास ताल बस संचालक समितिवाट प्रदानित सेवाका लागि उक्त संस्थालाई धन्यवाद ज्ञापन गर्दै नगर क्षेत्र भित्र परिक्रमा गर्ने तथा कार्यालय समयमा न.पा.कार्यालयलाई केन्द्र वनाई बस सेवा उपलव्ध गराउन र छिमेकि पोखरा.उ.म.न.पा.को वैदाम वाराही चोक देखि यस न.पा.को वेगनासताल वसपार्क सम्म नियमित बस सेवा संचालन गर्न आवस्यक समन्वय साथ पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८.** बालमैत्री स्थानीय शासन अवलम्वन गरेको यस नगरपालिका लाई आ.व.२०७३/०७४ भित्र आवश्यक सम्पूर्ण पूर्वाधार तयार गरी वि.स. २०७४ साल भित्र बालमैत्री स्थानीय शासन लागू भएको नगरपालिकाको रुपमा घोषण गर्ने निर्णय गरियो । साथै बालवालिकाको क्षेत्रमा आ.व. २०७३/०७४ का लागि १५% बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४९ यस नगरको वस्तुस्थीती समेतलाई मध्यनजर गरी आधुनिक खरायो पालन व्यवसायलाई संवद्ध संस्थाको समन्वय एवं सहकार्यमा अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ५० २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पनबाट यस नगर क्षेत्रमा घर पूर्ण रुपमा क्षति भएका घरधनीहरुले नयाँ घर निर्माण गर्न घर नक्शा स्वीकृतीका लागि न.पा.मा नक्शा स्वीकृत गर्दा पूर्ण क्षतीको परिचय प्राप्त गर्ने का नाममा लाग्ने दस्तुरमा चालु आ. व. ०७२/७३ बाटै १० प्रतिशत नक्शा पास दस्तुर छुट दिने निर्णय गरियो |

निर्णय नं. ५० यस लेखनाथ नगरपालिकामा हाल करारमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभए सम्मका लागि उक्त सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो |

निर्णय नं. ५१ नगर स्वास्थ्य केन्द्र संचालन सहयोगका लागि लेखनाथ नगरपालिका बाट भै राखेको सहयोगलाई निरन्तरता दिने निर्णय गरियो |

निर्णय नं. ५१ वडा नं १८ (साविक भ.पो. वडा नं ५,६,७,८,र ९ ) को वडा सेवा केन्द्र संचालनका संवन्धमा उक्त वडाको सिगारेवास देखि चौवादी सम्मका वडा वासीहरुलाई पायक पर्ने स्थानमा वडा सेवा केन्द्र संचालनको व्यवस्था मिलाउने निर्णय गरियो |

निर्णय नं. ५२ यस लेखनाथ नगरपालिका कार्यालयको नागरीक बडापत्र, २०७२ लाई पास गर्ने निर्णय गरीयो र लेखनाथ नगरपालिकाको नागरीक बडापत्र, २०७२ र कार्यबिधि अनुसार सेवा प्रदान गर्ने निर्णय गरीयो ।

यस लेखनाथ नगरपालिकाको २३ औं नगरपरिषद सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, उद्यमी ब्यबसायी, नगरवासी संचारकर्मीज्यूहरु एवं परिषदका लागि खट्ने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

उपरोक्तानुसारको निर्णयहरु सर्वसम्मतीबाट गरि अध्यक्ष ज्यू को आदेशानुसार नगरपरिषद्को वैठक आज मिति २०७२ पौष २८ गते समापन गरियो ।

धन्यवाद